सुनापति गाउँपालिकाद्वारा चालु आ.व २०८१/०८२ को दोस्रो चौमासिकसम्ममा संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक

# सार्वजनिक सुनुवाइ

## संक्षिप्त प्रतिवेदन




## आयोजक

**सुनापति गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय हिलेदेवी, रामेछाप**

**प्रतिवेदक**

**श्री रामचन्द्र वि.क., अध्यक्ष/प्रहार मिडिया प्रा.लि मन्थली, रामेछाप**

**बैशाख २०८२**

## १. कार्यक्रमको परिचय

सार्वजनिक निकायले दिने सेवाको बारेमा नागरिकबाट मूल्याङ्कन गराउने तथा सेवा प्रवाहमा थप सुधार ल्याउनको लागि सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन गरिन्छ । गाउँपालिकालाई सार्वजनिक निकायले गरेका गतिविधिहरुको बारेमा सूचना माग्ने, पाउने र अवलोकन गर्ने अधिकार सूचनाको हक सम्वन्धि ऐन-२०६४ र नियमावली-२०६५ ले गरेको छ । सुशासन (संचालन तथा व्यवस्थापक) सम्बन्धि ऐन-२०६४ तथा नियमावली-२०६५ ले पनि हरेक सार्वजनिक निकायले आफूले संचालन गरेका हरेक गतिविधिहरुको बारेमा नागरिकहरुलाई सू-सूचित गराउन सार्वजनिक सुनुवाइ गर्नुपर्ने बाध्यकारी व्यवस्था गरेको छ ।

स्थानीय सरकार संचालन ऐन-२०७४ मा पनि सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने व्यवस्था रहेको छ भने नेपाल सरकारले स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि-२०६७ तयार गरी कार्यान्वयन गरिरहेको छ । सुनापति गाउँपालिकाले आर्थि वर्ष २०८१/०८२ को दोस्रो चौमासिकसम्ममा प्रवाह गरेको सेवा तथा विकास निर्माणको कार्यहरु सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेहि बनाउने र सेवाग्राहीहरुको गुनासो तथा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने उद्देश्यले सार्वजनिक सुनुवाइ संचालन गरिएको थियो । सुनापति गाउँपालिकाको प्राङ्गणमा २०८२ वैशाख १८ गते बिहिबारका दिन सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिएको थियो ।

***(सार्वजनिक सुनुवाईको तस्विरहरु अनुसुची-१ मा छन्)***

## २. कार्यक्रमको उद्देश्य

- सुनापति गाउँपालिका तथा वडा कार्यालयहरुको काम कारवाही, सेवा प्रवाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीबीच अन्तरक्रिया गराउने ।
- सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासो वा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने ।
- सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने ।
- स्थानीय तहका जननिर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिकहरु प्रति जवाफदेहि बनाउने ।
- सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्ने ।

## ३. कार्यक्रमको संक्षिप्त जानकारी

**सार्वजनिक सुनवाई संयोजन गर्ने ब्यक्तिको नामः** रामचन्द्र वि.क. (अध्यक्ष- प्रहार मिडिया प्रा.लि.)

**सार्वजनिक सुनुवाइको सहजीकरण गर्ने संस्थाको नाम :** प्रहार मिडिया प्रा.लि.

**ठेगाना :** मन्थली नगरपालिका-१, रामेछाप

**सार्वजनिक सुनुवाईको विषय :** सुनापति गाउँपालिकाद्वारा चालु आ.व २०८१/०८२ को दोस्रो चौमासिकको अवधिमा संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता

**कार्यक्रम आयोजक :** सुनापति गाउँ कार्यपालिकाको कार्यालय हिलेदेवी, रामेछाप

**कार्यक्रम विवरण**

- मिति : १८ वैशाख २०८२ (विहिबार)
- स्थान : सुनापति गाउँपालिकाको प्राङ्गण हिलेदेवी, रामेछाप
- समय : दिनको ११:०० बजे देखि २:०० बजेसम्म (३ घण्टा)

**४. जवाफदेही वक्ताहरु**

- ठुलोकान्छा तामाङ, अध्यक्ष- सुनापति गाउँपालिका
- सुनापति गाउँपालिका उपध्यक्षः- गीता विष्ट
- सुनापति गाउपालिकाका प्रमुख प्रशासकीय अधिकृतः सुरेश कुमार श्रेष्ठ
- सुनापति गाउँपालिकाका- ३, का वडाध्यक्ष :- कुल बहादुर थिङ
- सुनापति गाउँपालिकाका- ४, का वडाध्यक्ष :- डन्डुप तामाङ
- सुनापति गाउँपालिकाका- ५, का वडाध्यक्ष :- चित्र बहादुर मानन्धर

***शाखा प्रमुखहरु***

- शिक्षा, युवा तथा खेलकुद विकास शाखा प्रमुख :- कमल बहादुर बम
- पूर्वाधार विकास शाखा :- प्रविण श्रेष्ठ
- स्वास्थ्य शाखा प्रमुख :- माधव प्रधान
- भण्डार शाखा प्रमुख :- देव शंकर यादव
- सूचना प्रविधि अधिकृत :- सन्तोष चौलागाई
- रोजगार सेवा केन्द्र प्रमुख :- कर्ण बहादुर वि.क.
- कृषि विकास शाखा प्रमुख :- समिक्षा गौतम
- लेखा शाखा प्रमुख :- विनोद चौलागाईं
- आन्तरिक लेखा परिक्षक :- कृष्ण बहादुर कटुवाल
- पशु सेवा शाखा प्रमुख :- राजुमा घिसिङ
- भूमी व्यवस्था शाखा प्रमुख :- रचना भुजेल
- राजश्व शाखा प्रमुख :- मीरा मगर
- सामाजिक सुरक्षा तथा पञ्किरण शाख प्रमुख :- लक्ष्मी थापामगर
- प्रशासन शाखा प्रमुख :- रन्जिता तामाङ
- अध्यक्ष ज्यूको सचिवालय :- श्रीराम ढुंगाना
- उद्याम विकास शाखा प्रमुख :- रमेश कठायत

**५.अतिथिहरु**

***कार्यपालिका सदस्यहरु***

- रीता कामी धमला
- अविना लामा
- सुनमाया तामाङ
- हरि माया श्रेष्ठ
- टासी लामा
- मिन कुमार खाती

***पत्रकारहरु***

- नेपाल पत्रकार महासंघ रामेछाप शाखा अध्यक्ष- दीपक कुमार घिमिरे
- नेपाल पत्रकार महासंघ निवर्तमान- बद्री नयाँघरे
- रेडियो तिफदी मन्थलीका प्रतिनिधि- राज श्रेष्ठ
- रेडियो झंकार मन्थलीका प्रतिनिधि- युवराज श्रेष्ठ
- रेडियो इनर्जी मन्थलीका प्रतिनिधि- शंकर बरुवाल
- गन्तव्य टुडे दैनिकका संचालक :- कुमार श्रेष्ठ
- प्रहार खबर साप्ताहिक वरिष्ट संवाददाता :- कैलाश खत्री
- दृष्टिकोण अनलाइन संचालक :- निरु थापा
- पत्रकार भवनी खड्का

***राजनीतिक दलका प्रमुखहरु***

- नेपाली काँग्रेसः प्रताप सिंह मोक्तान
- नेकपा एमालेः धुब्र खड्का
- नेकपा माओवादी केन्द्रः रजनी तामाङ

## ६. सार्वजनिक सुनुवाईको उपस्थिति विवरण

| **दलित** | | **जनजाति** | | **ब्राम्हण/क्षेत्री** | | **कूल** | | |
|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | जम्मा |
| २ | ४ | ९ | २४ | ४ | २७ | १५ | ५५ | ७० |

*(सहभागीहरुको विस्तृत विवरण अनुसूची-२ मा राखिएको छ ।)*

## ७. संचालन प्रक्रिया

*प्रारम्भिक चरण*

### (क) समन्वयात्मक बैठक


सुनापति गाउँपालिकाद्वारा आ.व २०८१/०८२ को (एक वर्ष) अवधिसम्म संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीताको लागि गाउँपालिकाले गरेको निर्णय अनुसार सुनापति गाउँपालिकाका अध्यक्ष श्री ठुलोकान्छा तामाङ उपाध्यक्ष श्री गीता विष्ट, प्रमुख प्रशासकीय अधिकृत श्री सुरेश कुमार श्रेष्ठ, लेखा शाखाको प्रमुख विनोद चौलागाईंसँग प्रहार मिडियाका प्रा.लि. का अध्यक्ष एवं

सहजकर्ता श्री रामचन्द्र वि.क.ले भेटघाट गरी समन्वयात्मक छलफल पश्चात् सार्वजनिक सुनुवाइको लागि वार्षिक कार्यक्रम अनुसार गर्ने तर कोटेशन अनुसार काम गर्ने निधो भयो र प्रहार मिडिया प्रा.लि.ले पनि कोटेशन प्रक्रियामा भाग लिँदा प्रहार मिडिया छनौट भइ कार्यक्रम गर्नको लागि सम्झौता भयो र उक्त सम्झौता अनुसार सुनापति गाउँपालिकाले मिति, स्थान र समयमा तोकेर प्रहार मिडियालाई सार्वजनिक सुनुवाइ गर्ने जिम्मेवारी दिए पछि स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि, २०६७, अनुसार सार्वजनिक सुनुवाइको तयारी गरिएको थियो ।

### (ख) सहजकर्ताको छनौट तथा समन्वय


सुनापति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले आयोजना गरेको पालिका स्तरीय सार्वजनिक सुनुवाईलाई गाउँपालिकाको कार्यालयले व्यवस्थापन तथा समन्वयका कार्यहरु गरेको थियो । सुनापति गाउँपालिकाले सहजीकरणको सम्पूर्ण जिम्मेवारी प्रहार मिडिया प्रा.लि मन्थलीका अध्यक्ष श्री रामचन्द्र वि.क.लाई दिइएको थियो । गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत तथा वडा अध्यक्षहरु, शाखा प्रमुखहरु एवं संचारमाध्यमहरुसँग नियमित सम्पर्क तथा समन्वय गरिएको थियो ।

### (ग) ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन




स्थानीय तहले जनतालाई प्रवाह गर्ने बस्तु तथा सेवा सुविधाहरु के के र कस्ता खालका छन् ? ती कसरी उपलब्ध गराउने गरिएको छ ? सेवा प्रवाह गर्न लागि कस्ता कस्ता खालका ऐन, नियम तथा कार्यविधिहरु लागू भएका छन् । यिनीहरुको आधारमा रहेर के कस्ता वस्तु तथा सेवा सुविधा प्रवाह गर्नु पर्ने अवस्था छ भन्ने कुराको गहन अध्ययन, स्थानीय सरकारी कार्यालयले कस्तो सेवा सुविधा तथा वस्तु जनतालाई उपलब्ध गराएका छन् सो को तुलना गरि छलफल गर्नका लागि स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, सुशासन ( व्यवस्थापन तथा संचालन) ऐन, २०६४ सुशासन नियमावली, २०६५ स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि, २०६७, सुचनाको हक सम्बन्धि ऐन २०६४ र नियमावली २०६५ तथा स्थानीय सरकार संचालन ऐन- २०७४ जस्ता विभिन्न ऐन नियम, निर्देशिका र कार्यविधिहरुको विस्तृत अध्ययन आयोजक तथा समन्वय गर्ने कम्पनीका प्रतिनिधि र सहजकर्ताद्वारा गरिएको थियो ।

### (घ) सार्वजनिक सुनुवाईको प्रचार प्रसार




सुनापति गाउँपालिकाद्वारा आ.व २०८१/०८२ को दोस्रो चौमासिकको अवधिमा संचालित विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाइमा नागरिकहरुको सहभागीता अभिबृद्धिको लागि सूचनाको ठूलो महत्व हुने भएकाले रामेछाप जिल्लाका रेडियो एफ्एम्हरु, विभिन्न अनलाइन मार्फत ७ दिन अगावैबाट सार्वजनिक सुनुवाई संचालन हुने मिति, स्थान र समय खुल्ने गरी सूचना प्रकाशन तथा प्रशारण गरिएको थियो । त्यस्तै कार्यक्रमको सहजीकरण गर्ने प्रहार मिडिया प्रा.लिद्वारा संचालित हाम्रो प्रहार डटकमबाट पनि एक हप्ता अगाडी नै सूचना प्रकाशन गरिएको थियो । गाउँपालिका कार्यालय परिसर र वडा

कार्यालयहरुमा कार्यक्रम हुने स्थल सहितको सार्वजनिक सुनुवाईको सूचना फेलेक्समा प्रिन्ट गरी टाँस गरिएको थियो । त्यस्तै वडा कार्यालयहरु, गाउँपालिकामा रहेका संघसंस्था, नेपाल पत्रकार महासंघ जिल्ला शाखा रामेछाप तथा पत्रकारहरुको सहभागीता सुनिश्चितकाको लागि खबर गर्ने कार्य गरिएको थियो । सार्वजनिक सुनुवाईलाई रामेछापको ५ वटा रेडियोहरु (हजुरको रेडियो, रेडियो तिफदी, रेडियो झंकार, रामेछाप रेडियो र रेडियो इनर्जी) बाट प्रत्यक्ष प्रशारण गरिएको थियो ।

*कार्यान्वयन चरण*

### (क) कार्यक्रमको सुरुवात, अथिति आशान ग्रहण र कार्यक्रमको उद्देश्यको बारेमा जानकारी

सुनापति गाउँ कार्यपालिकाको कार्यालय हिलेदेवीको आयोजनामा संचालन गरिएको सार्वजनिक सुनुवाईमा सहभागीहरुको उपस्थिति सँगै सुरु गरिएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रममा जवाफदेही वक्ताहरु र अतिथिहरुको परिचय गराउँदै आसन ग्रहण गराइएको थियो । त्यस्तै निमन्त्रणा स्वीकार गरेर उपस्थित कार्यपालिका सदस्यहरु, वडा समितिका सदस्यहरु, विषयगत शाखाका प्रमुखहरु, वडा सचिवहरु, विकास साझेदार संस्थाका प्रमुख/प्रतिनिधिहरु, पत्रकार लगाएत संचार संस्थाका प्रतिनिधिहरु, बुद्धिजीवी, समाजसेवी, राजनीतिक दलका प्रतिनिधिहरु लगायतका कार्यक्रममा उपस्थित सबैलाई यथा स्थानमा आशन ग्रहण गराइएको थियो । प्रहार मिडिया प्रा.लि. मन्थलीका प्रतिनिधि रामचन्द्र वि.क.ले सार्वजनिक सुनुवाईको बारेमा जानकारी गराउँदै आचार संहिता प्रस्तुत गर्नु भएको थियो । त्यसपछि कार्यक्रमका सहजकर्ताले सार्वजनिक सुनुवाई संचालन गर्नुको उद्देश्यको बारेमा प्रकाश पार्दै सहभागी सबैलाई कार्यक्रममा सक्रियताका साथ सहभागी बन्न अनुरोध गरिएको थियो ।

### (ख) आ.व. २०८१/०८२ को दोस्रो चौमासिकको प्रगति विवरण

सार्वजनिक सुनुवाईमा सुनापति गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री सुरेश कुमार श्रेष्ठले आ.व २०८१/०८२ को दोस्रो चौमासिकको अवधिसम्म गाउँपालिकाबाट भएको आय, ब्यय तथा समग्र प्रगतीको अवस्थाको बारेमा जानकारी गराउनु भएको थियो । *(विस्तृत विवरण अनुसुची-३ मा उल्लेख छ ।)*

### (ग) नागरिक प्रतिवेदन (सन्तुष्टि वा असन्तुष्टि) र बहिर्गमन अभिमत संचालन तथा सार्वजनिक

सार्वजनिक सुनुवाई संचालनको क्रममा नागरिकहरुको प्रत्यक्ष सहभागितामा नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत अनिवार्य संचालन गर्नुपर्ने ब्यवस्था रहेको छ । सोही अनुसार गाउँपालिकाका ५ ओटै वडा कार्यालय र गाउँपालिकाको कार्यालयमा पुगी त्यहाँ आएका ४३ जना सेवाग्राहीसँग कुराकानी गरेर उनिहरुको अभिमतलाई नागरिक प्रतिवेदनमा समावेश गरी सार्वजनिक सुनुवाईको दिन उक्त फाराममा भएका तथ्यांकहरुलाई संयोजन गरी नतिजा सार्वजनिक गरिएको थियो ।

**निष्कर्षः** कार्यालयमा सेवा लिन आउने सेवाग्राहीलाई कार्यालयबाट उपलब्ध हुने सेवाको बारेमा बुझ्दा र वडाको विभिन्न ठाउँमा पुगेर सेवाग्राही सँग लिएका अभिमतमा पालिका तथा वडा कार्यालयबाट सेवा प्रवाह र विकास निर्माणका कार्य हुँदा जनप्रतिनिधि र कर्मचारीले गरेका राम्रा काम र सुधार गर्नु पर्ने पक्षका विभिन्न बुँदाहरु नागरिकले दिएका र त्यस्ता सुझावहरुलाई सार्वजनिक सुनुवाईमा सम्बन्धित निकायको ध्यानकार्षण गराइएको थियो । *(विस्तृत नतिजा अनुसुची-४ मा उल्लेख छ ।)*

### (घ) हाकहाकी बहस, प्रक्रियात्माक भनाई र जिम्मेवार बक्तहरुबाट धारणा

कार्यक्रममा उपस्थित नागरिकहरुलाई आफूले भोगेका, अनुभव गरेका तथा गाउँपालिकालाई अझै सक्षम र सम्बृद्ध बनाउनका लागि प्रश्न, जिज्ञासा तथा गुनासाहरु राख्न भनिएको थियो । आएका प्रश्नहरुको सुनापति गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरु, गाउँपालिकाका शाखा प्रमुखहरु

सहित सरोकारवाल र नागरिकहरुबीच हाक्काहक्की प्रश्नोत्तर गराइएको थियो । त्यसपछि नेपाल पत्रकार महासंघ रामेछापका अध्यक्ष दीपक कुमार घिमिरे र नेपाल पत्रकार महासंघ रामेछापका पूर्वाध्यक्ष बद्री नयाँघरे सार्वजनिक सुनुवाईको प्रभावकारीताको विषयमा धारणा सँगै, प्रश्न र सुझावहरु राख्नु भएको थियो । सार्वजनिक सुनुवाई उठेका सबालहरु सम्बन्धमा गाउँपालिका उपाध्यक्ष गिता विष्ट, वडा नं ३ का वडाध्यक्ष कुल बहादुर थिङ, वडा नं ४ का वडाध्यक्ष डन्डुप लामा र वडा नं ५ का वडाध्यक्ष चित्र बहादुर मानन्धरले जवाफ दिएका थिए भने गाउँपालिका अध्यक्ष ठुलोकान्छा तामाङले सहभागीहरुले सार्वजनिक सुनुवाई तथा नागरिक अभिमतमा स्थानीयहरुले राखेका मुख्य मुख्य जिज्ञासालाई सम्बोधन गर्दै कार्यक्रम समापन गर्नुभएको थियो ।

### ८) कार्यक्रममा भएका सवाल जवाफहरु

सार्वजनिक सुनुवाइमा मुख्य रुपमा आएका प्रश्नहरु र तिनका उत्तरहरु निम्नाअनुसार रहेका छन् :

| क्र.सं. | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/सुझाव | जवाफ दिने पदाधिकारीको नाम थर र ठेगाना | जवाफको छोटकारी व्यहोरा |
|---|---|---|---|---|
| १ | कपिल तामाङ सुनापति-३ | १ स्थानीय सरकार बने देखि नै सुनापति गाउँपालिकामा रहेका जल, जमिन, वन तथा वातावरणको उचित प्रयोग गरेर आम्दानी लिने खालको कार्यक्रम किन बनाइएन ? | ठुलोकान्छा तामाङ अध्यक्ष- सुनपति गाउँपालिका | विगत सात वर्ष देखि जल, जमिन, वन तथा वातावरणको क्षत्रमा कामै नभएको भन्ने हैन, तर सिमित श्रोत तथा साधनको कारण भने जति काम गर्न सकिएको छैन् । त्यस्ता कामलाई आगामी दिनमा योजनाका साथ काम गर्ने छौं । |
| | कपिल तामाङ सुनापति-३ | २) सुनापतिमा सुगन्ध दिने रुख धेरै छन् त्यसको संरक्षणमा सरकारले ध्यान किन दिएन् ? र सुगन्धित रुखबाट आम्दानी लिने गरि काम पनि भएन । | ठुलोकान्छा तामाङ अध्यक्ष- सुनपति गाउँपालिका | सुनापति गाउँपालिकाले गाउँपालिका क्षेत्र भित्र रहेका सुगन्ध दिने रुख संरक्षमा आफ्नो तर्फबाट सक्दो ध्यान दिएको छ, यसमा नागरिक तहबाट पनि संरक्षणमा ध्यान दिन जरुरी छ । सुगन्धित रुखबाट आम्दानी लिने गरी व्यवसायिक कार्यक्रम बनाउन निकै कठिन भएकाले त्यस्ता कार्यक्रमहरु तत्काल बनाउन सकिएका छैनन् आगामी दिनमा त्यता तिर पनि हामी ध्यान दिन्छौं । |
| २ | रजनी तामाङ नेकपा माओवादी केन्द्र ३ नं वडा कमिटी सचिव | १)उपभोक्ता समितिबाट गरिने काम गर्नको लागि प्राविधिकलाई स्टेमेट बनाउन अनुरोध गर्दा समय छैन् भन्ने, उपभोक्ता समितिले मोटरसाइकलमा लिएर जानु पर्छ भन्ने जस्ता कुराले दुख दिने गरेको छ यो किन भनियो ? | सुरेश कुमार श्रेष्ठ प्रमुख प्रशासकीय अधिकृत | यो गुनासो हाल सम्म आएको थिएन । तपाइले राख्नुभएको समस्या अनुसार म अनुसन्धन गर्छु यदि त्यसो भनिएको रहेछ भने उहाँलाई सजग गराएर आगामी दिनमा त्यसो नगर्न अनुरोध गर्ने तथा कारबाही गर्ने सम्मको काम कार्यालयको तर्फबाट हुन्छ । |

| | | | | |
|---|---|---|---|---|
| ३ | धुब्र खड्का<br>नेकपा एमाले<br>३ नं वडा कमिटी अध्यक्ष | १) सार्वजनिक सुनुवाइमा सहभागीको संख्या किन कम भयो ? | ठुलोकान्छा तामाङ<br>अध्यक्ष-<br>सुनपति गाउँपालिका | हामीले जिल्लाका प्राय सबै मिडिया, वडा कार्यालय मार्फत सूचना टाँस र प्रकाशन, गाउँपालिकाको फेसबुक पेज र वेइबसाड लगायतको ठाउँमा सूचना प्रकाशन गरेका थियौं । नागरिकको कमी हुनुमा चाहि हामी जनप्रतिनिधि प्राय दैनिक जसो नै नागरिकको घर-घरमा पुगेर उहाँहरुको गुनासो सुन्ने र समस्या सोध्ने गरेका छौं, त्यतिबेला उहाँहरुले राखेका गुनासालाई सहज रुपमा समाधान गरेको कारणले पनि नागरिकको सहभागी कम भएको हुन सक्छ । तर, अर्को पटक सार्वजनिक सुनुवाइ गर्दा धेरै भन्दा धेरै नागरिक सामु सूचना पुग्ने गरी हामी प्रचार प्रसार गर्छौं । |
| | धुब्र खड्का<br>नेकपा एमाले<br>३ नं वडा कमिटी अध्यक्ष | २) किसानको आवश्यकतालाई ध्यानमा राखेर समयमै विउ र मलको व्यवस्थान गरिनु पर्‍यो | ठुलोकान्छा तामाङ<br>अध्यक्ष-<br>सुनपति गाउँपालिका | गाउँपालिकाको श्रोत तथा साधानले भ्याए सम्म हामीले किसानको आवश्यकतालाई ध्यानमा राखेर काम गरेका छौं । मलको समस्या एउटा गाउँपालिकाले मात्रै गरेर नसकिने रहेछ, यो राष्ट्रिय समस्या हो तर पनि हामीले हाम्रो तर्फबाट गर्ने पहल तथा कामहरु गरेका छौं, आगामी दिनमा पनि त्यो कामलाई निरन्तरता दिने नै छौं । |
| | धुब्र खड्का<br>नेकपा एमाले<br>३ नं वडा कमिटी अध्यक्ष | ३) कृषिका कार्यक्रमहरु धेरै भन्दा धेरै नीति तथा कार्यक्रममा समेटिनु पर्‍यो । | ठुलोकान्छा तामाङ<br>अध्यक्ष-<br>सुनपति गाउँपालिका | हामीले स्थानीय सरकार सुरु भएदेखि नै विभिन्न कारणले पछाडि परेका महिलाहरु र बेरोजगार महिलाहरुलाई सहभागी गराएर आयआर्जनमा समेत सहयोग पुग्ने सीपहरु दिएका छौं । जुन सीपका केही महिलाहरुले अहिले आर्यआर्जनमा समेत सहयोग पुग्ने गरी कामहरु गरिरहनु भएको छ । नीति तथा कार्यक्रममा नै कृषिलाई प्राथमिकता दिएका छौं । आगामी दिनमा यहाँको सुझावलाई ग्रहण गर्दै किसानका कुरालाई प्राथमिकतामा राखेर काम गर्ने छौं । |
| ४ | प्रतातसिं तामाङ<br>नेपाली काँग्रेस<br>वडासभापति. | १ गुठीको जग्गाको राजश्व गाउँपालिकामै तिर्ने व्यवस्था मिलाउनु पर्‍यो । | ठुलोकान्छा तामाङ<br>अध्यक्ष-<br>सुनपति | गुठीको जग्गाको राजश्वसँग सम्बन्धित काम गर्ने क्षेत्र स्थानीय तहको नभएकाले गाउँपालिकाले नै राजश्व उठाउन मिल्दैन । तर तपाइले राखेका |

| | | | | |
|---|---|---|---|---|
| | | | गाउँपालिका | समस्यालाई गाउँपालिका महासंघ मार्फत राज्यको ध्याकार्षण गराउने काम गर्छौं । |
| ५ | बद्री नयाँघरे, पुर्वाध्यक्ष- नेपाल पत्रकार महासंघ | पत्रकारहरुले गाउँपालिकाको सेवा प्रवाह, विकास निर्माणमा पारदर्शीता सँगै विकास निर्माणको गुणस्तरीयता विशेष ख्याल गर्न जोड दिँदै आम नागरिकको आवश्यकतालाई पहिचान गरी विकास निर्माण गर्न जनप्रतिनिधि र कर्मचारीलाई सुझाव दिएका थिए । | ठूलोकान्छा तामाङ,अध्यक्ष | पत्रकाहरुको तर्फबाट उठाइएका विषय वस्तुलाई जनप्रतिनिधिहरुले प्रमुख प्राथमिकताका साथ लिएर काम गर्ने प्रतिवद्धता जनाएका छन् । त्यस्तै आम नागरिकले सोचेको जस्तो गाउँपालिकाको विकास गर्न जनप्रतिनिधि र कर्मचारीले मात्रै गर्न नसक्ने हुँदा त्यस्ता कामको लागि स्थानीय राजनीतिक दलहरु र आम संचारकर्मीले पनि साथ दिनु पर्नेमा जोड रहेको छ । आगामी दिनमा गाउँपालिकाको सेवा प्रवाह, विकास निर्माण सँगै पारदर्शीताको विषयलाई थप प्रभावकारी बनाउनेमा सबै जनप्रतिनिधिको प्रतिवद्धता रहेको छ । |
| ५ | दीपक कुमार घिमिरे, अध्यक्ष- नेपाल पत्रकार महासंघ | | गिता विष्ट उपाध्यक्ष | |
| | | | सुरेश कुमार श्रेष्ठ प्रमुख प्रशासकीय अधिकृत | |
| | | | कुल ब. थिङ वडाध्यक्ष-३ | |
| | | | डन्डुप लामा वडाध्यक्ष-४ | |
| | | | चित्र ब. मानन्धर वडाध्यक्ष-५ | |

नागरिक अभिमत संकलनका क्रममा वडा तहमा पुग्दा नागरिकले राखेका प्रश्न तथा जिज्ञासा र त्यसको समधानको लागि जिम्मेवार वक्ताले दिएका जवाफ सँगै प्रतिवद्धता

| **प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना** | **सहभागीको प्रश्न/गुनासो/सुझाव** | **जवाफ दिने पदाधिकारीको नाम थर र ठेगाना** | **जवाफको छोटकारी व्यहोरा** |
|---|---|---|---|
| वडा नं १ बाट राखिएका प्रश्न तथा जिज्ञासा | १) वडा कार्यालय नजिकै आधुनिक पोखरी निर्माण गर्ने भनेर स्थानीयले पानी खाँदै गरेको पुरानो पोखरी भत्काएर केही काम गरेर छोडेको धेरै समय भयो, अहिले काम बन्द छ यसको निर्माण कहिले सम्पन्न हुन्छ ?, पोखरीको निर्माणको गुणस्तरमा | ठूलोकान्छा तामाङ,अध्यक्ष | बन्द अवस्थामा रहेको कामलाई संचालन गरेर सम्झौता बमोजिम काम गर्नको लागि निर्माण व्यवसायीलाई अनुरोध गरिसकिएको छ । त्यसको लागि गाउँकार्यपालिकाबाट पनि केही निर्णयहरु भएका छन् । गुणस्तरको कुरामा अनुगमनलाई तिब्रता दिने छौं । खानेपानीको समेत समस्या समधान हुने गरी निर्माण |
| | | गिता विष्ट उपाध्यक्ष | |
| | | सुरेश कुमार श्रेष्ठ प्रमुख प्रशासकीय अधिकृत | |

| | | | |
|---|---|---|---|
| | पालिकाले के ध्यान दिएको छ ?, पोखरी निर्माणकै कारण अहिले स्थानीयहरु खानीबानीबाट बञ्चित हुनु परेको छ यसको समाधान कहिले हुन्छ ?<br>२) वडा तहका केही योजनाहरुको उपभोक्त समिति बनाउने बेला सूचना भएन र टोल भेला पनि भएन यसो किन गरियो ? | | कम्पनीलाई चाँडो भन्दा चाँडो काम सक्न पहल गर्नेछौँ ।<br>- वडा तहको योजनाहरुको उपभोक्ता समिति बनाउने बेला वडा तहबाट केही कमजोरी भएको हुन सक्छ, वडाध्यक्ष र वडाका कर्मचारीसँग बसेर आगामी दिनमा त्यसो नगर्न अनुरोध गर्ने काम गर्छौं । |
| वडा नं २ बाट राखिएका प्रश्न तथा जिज्ञासा | हिउँदामा धुलाम्मे हुने र वर्षा याममा हिलाम्मे हुने सडक कहिले पक्की हुन्छ ? | ठुलोकान्छा तामाङ,अध्यक्ष | पक्की सडक बनाउनको लागि आवश्यक बजेटको व्यवस्था गर्न प्रदेश र संघीय सरकारसँग अनुरोध गर्छौं । |
| वडा नं ३ बाट राखिएका प्रश्न तथा जिज्ञासा | १) वडा तहबाट हुने काममा अलि सूचना कम भयो की ? महिलाहरुको आर्थिक बृद्धिलाई लक्षित गरी कुखुरा, भैँसी, बाखा पालान जस्ता कार्यक्रम ल्याए राम्रो हुन्थ्यो ।<br>२) आफ्नै जमिनमा भएका रुखहरु कटन गर्दा पनि राजस्व धेरै तिर्नु पर्छ त्यसलाई कम गर्न पाए हुन्थ्यो । त्यस्तै निकासी कर पनि बढी भएको हो की जस्तो लाग्छ त्यसमा पनि कम गर्न पए सहज हुन्थ्यो की ?<br>३ पालिका स्तरका राजनीतिक दललाई पनि पालिकाका विभिन्न कार्यक्रमहरुमा समावेश गराउँदा पालिकाको विकासलाई थप बल पुग्थ्यो की ? | कुल बहादुर थिङ<br>३ नं. वडाध्यक्ष | सूचनालाई ब्यापक बनाउन सामाजिक संजालमा राख्ने गरेका छौँ, सूचना पाटीमा पनि राख्ने गरेका छौँ, र आगामी दिनमा थप प्रभावकारी बनाउने प्रयास गर्ने छौँ । वडा नं ३ ले विगतका वर्षहरु देखि नै महिलामैत्री कार्यत्रलमलाई प्राथमिकता दिएको छ । आगामी दिनमा पनि त्यस्ता कार्यक्रममा हामी ध्यान पुऱ्याउने छौँ । |
| | | गिता विष्ट उपाध्यक्ष | आफ्नै जमिनमा रुख कटन गर्न पैसा लाग्दैन । निकासी करको बारेमा हामी छलफल गर्छौं<br>पालिका स्तरको कार्यक्रममा हामीले राजनीतिक दललाई समेटेका छौँ । आगामी दिनमा पनि बढी भन्दा बढी सहभागिता हुने गरी समन्वय गर्ने छौँ । |

| | | | |
|---|---|---|---|
| वडा नं ५ बाट राखिएका प्रश्न तथा जिज्ञासा | १) वडामा भएका सिपयुक्त महिलाहरुलाई वडा तथा पालिका तहमा हुने हुने विभिन्न तालिमहरुमा प्रशिक्षकका रुपमा सहभागी गराउनु पर्‍यो । जस्तो सिलाइकटाइ तालिम<br>२) वडामा हुने काम नागरिकमैत्री हुन पर्‍यो ।<br>३) वडाका विभिन्न सूचनाहरु ढिला गरि सार्वजनिक हुन्छन ( म्याद सकिन लाग्दा) त्यसले गर्दा नागरिकहरु सूचनाबाट बञ्चित हुनु परेको छ । यसले गर्दा नागरिकहरु विभिन्न विभिन्न सेवाबाट नै बञ्चित हुनु पर्ने अवस्थाहरु सृजना भएको छ । यसलाई सुधार गर्नु पर्‍यो ।<br>४) जन्मदर्ता लगायतका घटना दर्ताको प्रतिलिपि लिँदा ५०० तिर्नु पर्छ, यो धेरै भयो यसलाई कम गर्न मिल्दैन ? | चित्र ब. मानन्धर वडाध्यक्ष-५ | - वडामा भएका सिपयुक्त महिला तथा पुरुषहरुलाई आफूसँग भएको सिप अनुसार विभिन्न तालिममा अवसर दिएको छ । आगामी दिनमा धेरै भन्दा धेरैलाई समेट्ने प्रयास गर्ने छौं ।<br>- नागरिकका समस्या बुझेर काम गर्ने गरेका छौं । आगामी दिनमा थप सुधार गरेर अगाडि बढ्छौं ।<br>- सार्वजनिक चासोका सूचनाहरुलाई वडाको सूचना पाटीमा टाँस गर्ने गरेको छौं । आगामी दिनमा सूचना प्रकाशनको लागि अन्य माध्यमको समेत प्रयोग गरेर आम नागरिक माझ सूचना पुग्ने गरी प्रचार प्रसार गर्छौं । |
| | | गिता विष्ट उपाध्यक्ष | व्यक्तिगत घटना दर्ताको प्रतिलिपि लिँदा लाग्ने शुल्क बढी भएको विषयलाई हामी गाउँकार्यपालिकामा छलफल गरेर नागरिकका कुरा समेट्ने प्रयास गर्ने छौं । |
| *नागरिक अभिमतमा भाग लिने ४३ जना सेवाग्राही* | *सार्वजनिक सुनुवाईमा गाउँपालिका उपाध्यक्ष, वडा नं १, २, ४ र ५ का वडाध्यक्षलाई कार्यक्रममा सहभागी भएका स्थानीयले प्रश्न राखेका थिएनन् । तर ५ ओटै वडाबाट नागरिक प्रतिवेदनमा सहभागी भएका ४५ जना सेवाग्राहीले दिएका सुझावहरुलाई आगामी दिनमा कार्यान्वियनमा ल्याउने प्रतिवद्धता जनाउँदै राम्रा र सुधार गर्न पर्ने पक्ष सहितका सुझाव दिने सेवाग्राहीलाई धन्यवाद दिएका थिए ।* | | |

**वडा नं १ देखि वडा नं ५ सम्म र गाउँपालिकाको कार्यालयमा भेटिएका स्थानीयहरुले राखेका राम्र पक्ष**

१ गाउँपालिकाको सामाजिक संजालमा सूचना प्रकाशन राम्रा ।
२ सबै सेवाग्राहीलाई राम्रो ।
३ कार्यालयमा पुग्दा जनप्रतिनिधिहरु सहजै भेट्न सकन्छि ।
४ वडाबाट विनियोजित धेरै जसो कार्यक्रम तथा बजेट राम्रो छ ।
६ पालिका तहमा सार्वजनिक सुनुवाइ नियमित हुने गरेको छ । त्यसमा वडा तहका नागरिकको पनि गुनासा र समस्या बुझ्न गाउँ तहमै आउने गरिएको छ । यो राम्रो अभ्यास हो ।
७ सामाजिक सुरक्षा भत्ता सजिलै सँग लिन पाइयो
८ नागरिकको काम छिटो हुन्छ र आवश्यक पर्‍यो भने राति पनि सेवा दिइएको छ ।
९ जनप्रतिनिधिहरुले पारादर्शिताको बारेमा समन्वय गरेको छ ।
१० जनप्रतिनिधि २४ सै घण्टा काम गरेका छन् ।
११ कार्यालयहरु राम्रा बनेका छन् ।

## ९. पहिलो चौमासिक सार्वजनिक सुनुवाईमा गरिएको प्रतिवद्धताको कार्यान्वयनको अवस्था र दोस्रो चौमासिक सार्वजनिक सुनुवाइमा गरिएका प्रतिवद्धता

(क) पहिलो चौमासिक सार्वजनिक सुनुवाईमा गरिएको प्रतिवद्धताको कार्यान्वयनको अवस्था:

| | | |
|---|---|---|
| चालु आर्थिक वर्ष २०८१/०८२ को पहिलो चौमासिकसम्ममा भएका विकास निर्माण र सेवा प्रवाहको प्रभावकारिता र जवाफदेहिताको विषयमा भएको सार्वजनिक सुनुवाइ कार्यक्रममा उठेका विभिन्न विषयलाई आगामी दिनमा सम्बोधन गर्दै तपशिलमा उल्लेख भएका विषयहरुलाई समेत समाधान गर्ने गरी विभिन्न बुँदामा उल्लेख गरेर जिम्मेवार व्यक्तिहरु प्रतिवद्धता जाहेर गर्दछौं । | | |
| क.सं. | प्रतिवद्धता | कार्यान्वियनको अवस्था |
| १ | नियमित बजार अनुगमन गरी जिल्ला प्रशासन कार्यालयमा प्रतिवेदन गर्ने । | नियमित |
| २ | स्थानीय सरकारको सेवालाई अझ नागरिक मैत्री र प्रविधि मैत्री बनाउने । | नागरिकहरुको सहजताको लागि घरदैलो मै पुगेर एकिकृत घुम्ति सेवा सञ्चालन गरिएको |
| ३ | आगामी आ.व. देखि सानो बजेटको टुक्रे योजनामा बजेट विनियोजन नगर्ने । | आगामी अमा.व.को बजेट तथा कार्यक्रममा लागु गरिने |
| ४ | दिगो विकासलाई एकीकरण र प्राथमिकीकरण गर्ने । | आगामी आ.व.को बजेट नीति तथा कार्यक्रममा समेट्ने |
| ५ | कृषि उपजलाई बजारसँग आवद्ध गराउने र स्वरोजगार तथा उद्यमशीलता प्रवर्द्धन गर्ने । | स्वरोजगार प्रवर्द्धनका लागि थाङका,गलैचा लगायतका उद्यमशिलता सम्बन्धी तालिम भैरहेको छन तालिम पश्चात कृषि उपजहरुलाई बजारीकरणमा उक्त तालिमले मद्धत गर्नेछ । |
| ६ | स्वास्थ्य शिविर संचालन गरी सबै नागरिकलाई सो शिविरमा सहभागी गराउने । | पालिकामा रहेको अस्पताल र वडागत रुपमा विभिन्न रोगको विषेशज्ञहरुद्धारा स्वास्थ्य शिविर सञ्चालन भैरहेको |
| ७ | पालिकाको आन्तरिक आयस्रोतलाई विस्तार गर्ने । | राजश्व प्रक्षेपण भन्दा अधिक संकलन भैरहेको |

**(ख) दोस्रो चौमासिक सार्वजनिक सुनुवाइमा गरिएका प्रतिवद्धता**

सुनापति गाउँपालिकाको कार्यालयद्वारा चालु आ.व. २०८१/०२ को दोस्रो चौमासिकमा भए गरेका काम र सार्वजनिक सेवा प्रवाहको अवस्थाको विषयमा नागरिकहरुलाई जानकारी गराउँदै सुधारात्मक विषयहरुमा तपशिल बमोजिमका विषयहरुमा सुधार गर्ने प्रतिवद्धता जारी गरियो ।

- तेस्रो चौमासिक भित्र चालु आ.व. का सबै योजना तथा कार्यक्रमहरु सु-सम्पन्न गर्ने ।
- सार्वजनिक सेवालाई अझ नागरिक केन्द्रित बनाइ जनप्रतिनिधि र कर्मचारीको समन्वयमा सरल सेवा प्रवाह गर्ने ।
- कर्मचारी प्रति उठेका गुनासोहरु सम्बोधन गर्ने र नागरिकको सेवक भएको महशुस हुने गरी कम गर्ने गराउने ।
- दीगो विकासको लक्ष्यलाई स्थानीकरण गरी आगामी नीति तथा था कार्यक्रम तय गर्ने ।
- अन्तरनिकाय समन्वयलाई प्रभावकारी बनाउने ।
- पालिका स्तरको आगमी सार्वजनकि सुनुवाइमा नागरिकको सहभागिताको लागि थप प्रभावकारी बनाउने ।

## १०.कार्यक्रमको सवल पक्षहरु

- दोस्रो चौमासिक समाप्त हुन साथ दोस्रो चौमासिकको सार्वजनिक सुनुवाई भएको ।
- स्थानीय तहका निर्वाचित प्रतिनिधिहरु, संचारकर्मी तथा सरोकारवालाका प्रतिनिधिहरुको सहभागीतामा कार्यक्रम संचालन गरिएको ।
- सुनापतिग गाउँपालिकाको दोस्रो चौमासिकको अवधिमा भएका भौतिक र बित्तीय प्रगती प्रस्तुत गरिएको ।
- सहभागीहरुबाट उठान गरिएका विभिन्न सवालहरु तथा सुझाबहरुको जबाफदेहि बक्ताहरुबाट चित्तबुझ्दो जबाफ दिईएको ।
- स्वतन्त्र सहजकर्ताको माध्यमबाट सार्वजनिक सुनुवाई संचालन भएको ।
- जनप्रतिनिधिहरुसँग सर्वसाधारण नागरिकहरुले हाक्काहाकी प्रश्नोत्तर गरेका ।
- नागरिकको सहभागीता बृद्धिको लागि सार्वजनिक सुनुवाईको सूचना सहित फेलेक्स बनाई गाउँपालिका ओसपास क्षेत्र र गाउँपालिकाको सबै वडाको वडा कार्यालयमा टाँस गरिएको ।
- नागरिकहरुको सहभागीता बृद्धिको लागि जिल्लाका रेडियोहरु, अनलाइन पत्रिका, पत्रिका र विभिन्न माध्यमबाट सूचना प्रकाशन तथा प्रशारण गरिएको ।
- सबै वडा कार्यालयमा सेवा लिन आउने ४३ जना सेवाग्राहीको सन्तुष्टि तथा असन्तुष्टि फारम भरेर संयोजन गरी सार्वजनिक सुनुवाईमा प्रस्तुत गरिएको ।
- सार्वजनिक सुनुवाईको जिल्लाका रेडियोहरु मार्फत सूचना प्रशारण गर्नुका साथै सार्वजनिक सुनुवाई अवधिभर पनि ५ ओटै रेडियोबाट प्रत्यक्ष प्रशारण गरिएको ।

## १२. सुधार गर्नुपर्ने पक्षहरु

- पालिका स्तरको सर्वाजनिक सुनुवाईमा अपेक्षा गरिए जति नागरिकहरु सहभागी नभएको देखिएको हुँदा आगामी दिनमा सबै वडामा वडा स्तरीय सार्वजनिक सुनुवाई गरिनु पर्ने । जसले गर्दा धेरै मानिसको सहभागिता हुनेछ ।
- गाउँपालिकाका जनप्रतिनिधि अर्थात गाउँ सभाका सबै सदस्यहरुलाई अनिवार्य सहभागी गराउनु पर्ने ।
- पालिकामा भएका विद्यालयका प्रअ, शिक्षक, विद्यार्थीलाई समेत सहभागी गराउँदा विद्यालयसँग उठ्ने विषयमा जवाफ दिन सजिलो हुने
- पालिकाबाट तथा वडाबाट विनियोजन भएका योजना गउपभोक्ता समितिका पादधिकारीलाइ समेत सहभागी गराउँदा राम्रो हुने

## १३. समस्याहरु

- निर्धारित समयमा सार्वजनिक सुनुवाई सुरु गर्न नसकिएको ।
- छरिएर रहेका वडाबाट पालिकाको केन्द्र सम्ममा मानिसहरु सहभागी हुन नसेको ।

- जवाफदेहि वक्ता तथा अतिथिहरु धेरै रहेकाले कार्यक्रम लामो समयसम्म संचालन हुँदा टाढाका सहभागीहरुलाई आउन जान समस्या भएको ।

## १४.निष्कर्ष

सुनापति गाउँपालिकाको काम कारबाही, सेवा प्रबाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्वन्धित सेवा प्रदायक र सेवाग्राही बीच हाक्काहाक्की प्रश्नोत्तर गराउने उद्देश्यले आयोजना गरिएको सार्वजनिक सुनुवाई प्रभावकारी रहेको थियो । सुनापति गाउँपालिकाको आयोजनामा सम्पन्न सार्वजनिक सुनुवाईमा नागरिकहरुले खानेपानीको समस्या, पर्यटन क्षेत्रको प्रबर्द्धन, संरक्षण र विकास, सडक निर्माण, पशु बिमा, कृषि कार्यक्रम, योजना सम्पन्न गराउन वडा तथा पालिकाका प्राविधिकहरुले सहज रुपमा सहजीकरण गर्नु पर्ने, गुणस्तरी स्वास्थ्य सेवा दिनु पर्ने लगायतका विभिन्न विषमा प्रश्न सँगै आगामी दिनमा विभिन्न विषयहरुलाई सुधार गर्न सुझाव दिएका थिए । संचारकर्मीहरु तथा जन निर्वाचित प्रतिनिधिहरुको उपस्थितिमा संचालन गरिएको सार्वजनिक सुनुवाईमा स्थानीय नागरिकहरुको उल्लेख्य सहभागीता नरहे पनि प्रतिनिधिमूलक सहभागिता रहेको थियो । सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागी सर्वसाधारणहरुले प्रश्नहरु राखी तत्काल समाधान पाएका थिए । कार्यविधिले ब्यवस्था गरे अनुरुप नियमित रुपमा सार्वजनिक भएको हुँदा यो कार्यलाई निरन्तरता दिनु पर्ने देखिन्छ । सुनापति गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु सहितको सक्रिय सहभागीताले पनि सार्वजनिक सुनुवाई फलदायी भएको देखिन्छ । विभिन्न कार्यक्रमका साथ गाउँपालिकामा रहेको सरकारी तथा गैरसरकारी संघसंस्थाहरुका प्रतिनिधिलाई समेत वडा तथा गाउँपालिकाको केन्द्रमा उपस्थिति गराई सार्वजनिक सुनुवाइलाई निरन्तर गर्ने हो भने सार्वजनिक सुनुवाईको प्रभावकारीता अझै बढ्ने देखिन्छ ।

समाप्त

दोस्रो चौमासिकको सार्वजनिक सुनुवाइ सम्पन्न गर्न लागेको खर्चको विवरण :

| क.सं. | विवरण | एक पटकको लागि | | | दोस्रो चौमासिक |
|---|---|---|---|---|---|
| | | दिन | संख्या | दर | जम्मा खर्च |
| १ | बहिर्गमन अभिमत संकलन तथा नतिजा तयारी | ५ | ३ जना | १५०० | २२५०० |
| २ | बहिर्गमन अभिमत संकलन फर्म प्रिन्ट | | ५० सेट (प्रत्येक सेटमा ६ पेज) | १० | ३००० |
| ३ | ब्यानर, पम्प्लेट तथा पर्चा प्रकाशन | | ७ ओटा ब्यानार (सबै वडा कार्यालय र पालिकामा) | | ७००० |
| ४ | पत्रिका, अनलाइन तथा रेडियोबाट सूचना प्रकाशन तथा प्रशारण | ७ दिन | ४ रेडियो, ७ ओटा पत्रिका र १ अनलाइन | | १५००० |
| ५ | कार्यक्रको प्रत्यक्ष प्रशारण | | ५ ओटा रेडियो | | १०००० |
| ६ | कार्यक्रम सहजिकरण | १ | ३ | ५००० | १५००० |
| ७ | सहभागीहरुलाइ पानी | काटुन | १० | ३०० | ३००० |
| ८ | सहभागीहरुलाइ खाजा | १ दिन | ७० | १५० | १०५०० |
| ९ | पाहुनाहरुलाई खाना र भत्ता (पत्रकार) | १ | १३ जना | १५०० | २२५०० |
| १० | सञ्चार | | | ० | १९०० |
| ११ | यातायात | | | ० | ११००० |
| १२ | प्रतिवेदन लेखन | | | ० | ४००० |
| १३ | विविध खर्च | | | | ४६०० |
| १४ | **जम्मा प्रस्तावित रकम** | | | | **१३००००** |

अनुसुची-१

## तस्विरमा सार्वजनिक सुनुवाई




सार्वजनिक सुनवाईका जवाफदेहिबक्ता तथा अतिथिहरु



सार्वजनिक सुनुवाईका जवाफदेहिबक्ता ( विभिन्न शाखाका प्रमुखहरु) तथा स्थानीयहरु



प्रहार मिडियाको तर्फबाट सार्वजनिक सुनुवाई कार्यक्रमको सुरुवात तथा सहजीकरण गर्दै रामचन्द्र वि.क



सार्वजनिक सुनुवाइमा नागरिकले उठाएका विभिन्न प्रश्नहरुको जफाव दिँदै अध्यक्ष ठुलोकान्छा तामाङ र उपाध्यक्ष गीता विष्ट



सार्वजनिक सुनुवाईमा नागरिकहरुले राखेका जिज्ञासको उत्तर दिने सहभागीले दिएका सुझवलाई प्रतिवद्धता जनाउँदै क्रमशः वडा नं ३ का वडाध्यक्ष कुल बहादुर थिङ, वडा नं ४ का वडाध्यक्ष डन्डुप लामा र वडा नं ५ का वडाध्यक्ष चित्रबहादुर मानन्धर



सार्वजनिक सुनुवाईमा पालिकाबाट प्रवाह भएका सेवा तथा विकास निर्माणको प्रगति प्रस्तुत गर्दै प्रमुख प्रशासकीय अधिकृत सुरेश कुमार श्रेष्ठ



सार्वजनिक सुनुवाईमा प्रतिक्रियात्म भनाइ राख्दै नेपाल पत्रकार महासंघ रामेछापका अध्यक्ष दीपक कुरमार घिमिरे र पुर्वाध्यक्ष बद्री नयाँघरे



सार्वजनिक सुनुवाईमा गाउँपालिकाको कामप्रति प्रश्न गर्दै राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरु







सार्वजनिक सुनुवाइको लागि वडा/वडामा पुगेर प्रचार प्रसार गर्दै तथा बर्हिगमन अभिमत संकलन गर्दै

# अनुसुची-२

## कार्यक्रममा सहभागीहरुको उपस्थिति

कार्यक्रमको नाम:- सुनापति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयद्वारा चालु आर्थिक वर्ष २०८१/०८२ को दोस्रो चौमासिकसम्ममा प्रवाह भएका सार्वजनिक सेवा तथा विकास निर्माणको प्रभावकारिता विषयक सार्वजनिक सुनुवाई ।

कार्यक्रमको उद्देश्य:- सुनापति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयद्वारा चालु आर्थिक वर्ष २०८१/०८२ को दोस्रो चौमासिकसम्ममा भए गरेका काम र सार्वजनिक सेवा प्रवाहको अवस्थाको विषयमा नागरिकहरुलाई जानकारी गराउँदै सुधारात्मक विषयहरुमा गाउँपालिका तथा वडाका जिम्मेवार अधिकारी र नागरिकहरू बीचमा हाक्काहाकी प्रश्नोत्तर गराउने ।

**कार्यक्रमको विवण**

**मिति** :- २०८२ साल वैशाख १८ गते बिहिवार

**स्थान** :- सुनापति गाउँपालिकाको प्राङ्गण

**समय** :- विहान ११ बजेबाट

**आयोजक** :- सुनापति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, हिलेदेवी रामेछाप

**सहजिकरण** :- प्रहार मिडिया प्रा.लि. मन्थली, रामेछाप

**उपस्थिति विवरण**

| क्र.सं. | सहभागीको नाम | आवद्धता संस्था/ठेगाना | पद | आतिथ्यता | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | ठुलोकान्छा तामाङ | सुनापति गा.पा. | अध्यक्ष | अध्यक्षता/प्रमुख प्रमुख वक्ता | [signature] |
| २ | गीता विष्ट | सुनापति गा.पा. | उपाध्यक्ष | वक्ता | [signature] |
| ३ | सुरेश कुमार श्रेष्ठ | सुनापति गा.पा. | प्रमुख प्रशासकीय अधिकृत | वक्ता | [signature] |
| ४ | पदम बहादुर थापा | सुनापति- २ वडा कार्यालय | वडाध्यक्ष/गाउँपालिका प्रवक्ता | वक्ता | |
| ५ | ध्रुब प्रसाद चौलागाई | सुनापति- १ वडा कार्यालय | वडाध्यक्ष | वक्ता | |
| ६ | कुल बहादु थिङ | सुनापति- ३ वडा कार्यालय | वडाध्यक्ष | वक्ता | [signature] |
| ७ | डन्डुप लामा | सुनापति-४ वडा कार्यालय | वडाध्यक्ष | वक्ता | [signature] |

| क्र.सं. | सहभागीको नाम | आवद्धता संस्था/ठेगाना | पद | आतिथ्यता | हस्ताक्षर |
|---|---|---|---|---|---|
| ८ | चित्र बहादुर मानन्धर | सुनापति- ५ वडा कार्यालय | वडाध्यक्ष | वक्ता | [signature] |
| ९ | कमल बहादुर नम | सुनापति गा.पा | शिक्षा शाखा प्रमुख | ,, | [signature] |
| १० | माधव प्रधान | ,, | प्रशासन शाखा प्रमुख | ,, | [signature] |
| ११ | सन्तोष कोलगाई | ,, | सूचना प्रविधि अधिकृत | ,, | [signature] |
| १२ | कर्ण ब. [illegible] | ,, | योजना शाखा प्रमुख/ रोजगार संयोजक | ,, | [signature] |
| १३ | नबिन [illegible] | ,, | सब-इन्जिनियर | | [signature] |
| १४ | प्रविन [illegible] | सुनापति गा:पा· | इन्जिनियर | ,, | [signature] |
| १५ | हितेन्द्र नाथ | ,, | ए. ई. | | [signature] |
| १६ | दिपक बुढाथोकी | ,, | अ. सि. ई | | [signature] |
| १७ | राजिव खड्का | ,, | व्या.पा.स.ई. | | [signature] |
| १८ | भुपेन्द्र प्रसाद यादव | ,, | सब.ई. | | [signature] |
| १९ | चुनु कु. यादव | दिमीपोखरीस्वा | है.अ. | | Chuny |
| २० | संजिप कु० यादव | सुनापति-०५ | प.स्वा.प्रा | | [signature] |
| २१ | सन्तोष कु. मास | सुनापति-०४ | है.श. | | [signature] |
| २२ | नवराज श्रेष्ठ | सुनापति-३ | | | [signature] |
| २३ | टसी लामा | ,, | | | [signature] |

| क्र.सं. | सहभागीको नाम | आवद्धता संस्था/ठेगाना | पद | आतिथ्यता | हस्ताक्षर |
|---|---|---|---|---|---|
| २४ | हरिमाया मगर | CDS | E.D.F | | [signature] |
| २५ | मनमाया तामाङ | | | ,, | मन |
| २६ | रजनी मोक्तान | | | | [signature] |
| २७ | कमला वि.क. | सुनापति ५ | वडा सदस्य | | [signature] |
| २८ | कमला जैवन | सुनापति-३ | ,, | | कमला |
| २९ | रामहरि जर्गा | सुनापती ५ | ,, | | [signature] |
| ३० | राजेश्वर बोहोरा | सुनापति-४ | वडा सदस्य | | [signature] |
| ३१ | तारा खड्का कार्की | ,, ३ | वडा सदस्य | | [signature] |
| ३२ | किशनलामा | ,, ४ | वडा सदस्य | | [signature] |
| ३३ | पुर्ण खत्री | ,, ५ | वडा अध्यक्ष ([illegible]) | | [signature] |
| ३४ | राजु तामाङ | ,, ३ | ई.ए.प | | [signature] |
| ३५ | मैरु कुनायत | ,, ३ | उद्यम विकास सहजकर्ता | ,, | [signature] |
| ३६ | क्षिति जानवाली | सुनापति-२ | बी.पी.ई.प्री. | | [signature] |
| ३७ | लोकेश पाण्डे | सुनापति-३ | सहायक पाँचौं | | [signature] |
| ३८ | विरोद चौलागाई | सुनापति गा.पा | [illegible] | | [signature] |
| ३९ | राजमान खोड्के | सुनापति गा.पा. | पशु सेवा प्राविधिक | | [signature] |

| क.सं. | सहभागीको नाम | आवद्धता संस्था/ठेगाना | पद | आतिथ्यता | हस्ताक्षर |
|---|---|---|---|---|---|
| ४० | गोकर्णराज जोशी | सुनापति गा०पा | सहायक स्तर पाँचौं (प्रा.स) | | Gkami |
| ४१ | शुक्र बहादुर तितुङ | सुनापति गा०पा० | का० स० | | [illegible] |
| ४२ | सूर्य बहादुर लामा | ,, | ह. स. चा. | | [illegible] |
| ४३ | [illegible] | सुनापति | [illegible] | | [illegible] |
| ४४ | समिक्षा [illegible] | ,, | कृषि शाखा | | [illegible] |
| ४५ | मीरा थापा | ,, | राजस्व शाखा | | Meera |
| ४६ | देव शंकर आचार्य | सुनापति गा०पा | जिन्सी शाखा | | Shanker |
| ४७ | रुद्रप्रसाद चापागाई | सुनापति गा०पा | अधिकृत छैठौं | | [illegible] |
| ४८ | कमल | सुनापती | | | [illegible] |
| ४९ | प्रताप सिंह मोक्तान | ,, | ते० कृषि प्राविधिक | | [illegible] |
| ५० | पूर्ण [illegible] | ,, | | | [illegible] |
| ५१ | कपिल तामाङ | सुनापति-३ | — | — | [illegible] |
| ५२ | पञ्च बा. तामाङ | सुनापति-३ | | | [illegible] |
| ५३ | श्रीराम ढुंगाना | सुनापति गा.पा | [illegible] सहायक | | [illegible] |
| ५४ | चुडामणी पहाडी | सहास नेपाल | वरिष्ठ परियोजना अधिकृत | | [illegible] |
| ५५ | पारिजात [illegible] | सुनापती गा.पा | प्रशासन शाखा | | [illegible] |

| क्र.सं. | सहभागीको नाम | आवद्धता संस्था / ठेगाना | पद | आतिथ्यता | हस्ताक्षर |
|---|---|---|---|---|---|
| ५६ | शंकर बजुवाल | रेडियो इन्जा | प्रतिनिधि | | |
| ५७ | मिलन सिंह | [illegible] | [illegible] | | |
| ५८ | बद्री न्यौपाने | साप्ताहिक पालोका आवाज | सम्पादक | | |
| ५९ | कुमार ओली | पत्रकार महासंघ रामेछाप | सह सचिव | | |
| ६० | राजकुमार श्रेष्ठ | रेडियो बिजुली | प्रतिनिधी | | |
| ६१ | मनमाया तामाङ | सुनापति-५ | समाजसेवी | | |
| ६२ | सीता माया मोक्तान | सुनापति गा.पा. | वित्तीय साक्षरता सहजकर्ता | | |
| ६३ | काली माया बाग्ला | सु.गा.पा. | का.प. | | |
| ६४ | शर्मिला सिंह | ” | का.प. | | |
| ६५ | दिपक घिमिरे | नेपाल पत्रकार महासंघ, रामेछाप | अध्यक्ष | | |
| ६६ | आशिष ढुंगाना | सुनापति-५ | | | |
| ६७ | रामचन्द्र वि.क. | [illegible] | सहजकर्ता | | |
| ६८ | निरु थापा | कृषि अभियान | संचालक | | |
| ६९ | भवानी खड्का | रेडियो रामेछाप | [illegible] | | |
| ७० | कैलाश खत्री | समाजवादी प्रेस संगठन नेपाल रामेछाप | अध्यक्ष | | |
| ७१ | | | | | |

# अनुसुची-३

**प्रमुख प्रशासकीय अधिकृत सुरेश कुमार श्रेष्ठले प्रस्तुत गरेको आ.व. २०८१/०८२ को दोस्रो चौमासिक प्रगति विवरण**

सुनापति गाउँपालिका

**गाउँकार्यापालिकाको कार्यालय**

हिलेदेवी रामेछाप

आ.व. २०८१/८२को दोस्रो चौमासिक प्रगति विवरण

**पृष्ठभूमिः**

राज्यशक्तिको सबैभन्दा तल्लो र आम नागरिकको सबैभन्दा नजिकको उपयोगी संस्थाको रुपमा स्थानीय तह संबैधानिक र कानूनी साथै व्यवहारिक रुपमा समेत स्थापित भै सकेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम प्रशासनिक र विकासात्मक सेवा प्रवाह गर्नुको साथै नागरिकको भरपर्दो सरकारको रुपमा स्थानीय तहहरुले काम गरि रहँदा सुनापति गाउँपालिकाले समेत सो कुराको पुष्टि गर्दै गइरहेको छ। नेपालको संविधानले र स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई दिएको एकल र साझा अधिकार सूचीहरुको कार्यान्वयनको सन्दर्भमा सार्वजनिक सेवा प्रवाह गर्ने क्रममा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६५ र नियमावली, २०६५ तथा सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ को समेत कार्यान्वयनको लागि चौमासिक रुपमा सार्वजनिक सुनावाई गरी कार्यालयको तर्फबाट भए गरेका काम कारवाहीहरुको जानकारी दिने गरिन्छ। यसै परिप्रेक्ष्यमा सुनापति गाउँपालिकाले चालु आर्थिक वर्ष २०८१/०८२ दोस्रो चौमासिक (मंसिर देखि फागुन) सम्म भए गरेका सेवा प्रवाहको बारेमा सम्बद्ध पक्षहरु सबैलाई जानकारी गराउने उद्धेश्यले यो सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिएको हो। यस अवधिमा भए गरेका शाखागत, वडागत र समग्र सार्वजनिक सेवा प्रवाहको बारेमा तयार पारिएको प्रतिवेदन प्रस्तुत गर्न गइरहेको छु।

क) **चालू आर्थिक वर्ष २०८१/०८२ को समग्र आय व्यय विवरणः**

**जम्मा बजेटः रु. ५६,९०,५२,०००/-**

**चालु बजेटः रु. ३६,६६,९०,८००/-**

**पूँजीगत बजेटः रु. २०,२३,६१,२००/-**

**आम्दानी तर्फः**

**संघीय सरकार रु. २३,९७,८०,५९०.०० - ६८.१२%**

**प्रदेश सरकार रु. ३,६३,९७,७५०.०० - ५५.८३%**

**राजश्व बाँडफाँड रु. ५,९७,७५,४३३.३२ - ६१.९३%**

**आन्तरिक स्रोत रु. ३,९२,५९,६०१.८४ - ७०.९८%**

**जम्मा बास्तविक आयः रु. ३७,५२,१३,३७५.१६ - ६५.९३%**

**खर्च तर्फः**

**चालू खर्चः रु. २०,३०,७४,९९३.२६ - ५५.३८%**

**पूँजीगत खर्चः रु. ६,३५,०९,३९८.८५ - ३१.३८%**

**कूल वास्तबिक खर्च रु. २६,६५,८४,३९२.११ - ४६.८४%**

सामाजिक सुरक्षा तर्फः

तेस्रो किस्ता सम्म निकासा रकम र लाभग्राहीको वर्गीकरणः

कूल बजेटः रु. 111,176,000.00

तेस्रो किस्ताको बजेट रु. 28,716,470.00

तेस्रो किस्तामा खर्च रु. 29,251,067.00

दोस्रो किस्ता सम्मको खर्चः रु. 58,004,726.00

हालसम्म खर्च रु. 87,255,793.00

मौज्दात रकम रु. 23,920,207.00

लाभ ग्राहीको बर्गीकरण र सामाजिक सूरक्षा रकमः

| क्र.सं. | लाभग्राही समूह | विनियोजित बजेट रु. | तेस्रो किस्तामा खर्च रु. | कैफियत |
|---|---|---|---|---|
| १ | दलित बालबालिका | 850,000.00 | 158,107.00 | |
| २ | ज्येष्ठ नागरिक भत्ता (दलित ६० वर्ष माथि) | 1,884,000.00 | 441,560.00 | |
| ३ | असहाय एकल महिला भत्ता (६० वर्ष माथिका) | 8,044,000.00 | 1,399,619.00 | |
| ४ | अपाङ्गता भत्ता (पूर्ण असक्त अपाङ्गता भएको) | 6,656,000.00 | 1,568,070.00 | |
| ५ | जेष्ठ नागरिक ६८ बर्ष | 77,232,000.00 | 21,455,375.00 | |
| ६ | विधुवा महिला | 11,172,000.00 | 2,989,840.00 | |
| ७ | अति असक्त अपाङ्गता | 5,338,000.00 | 1,238,496.00 | |
| जम्मा रु. | | 111,176,000.00 | 29,251,067.00 | |

ख) प्रशासन शाखा र जिन्सी शाखाले सम्पादन गरेका प्रमुख कार्यहरुः

करार सेवामा कर्मचारी पदपूर्तिः

| क्र.सं. | पद | पदपूर्ति संख्या | कैफियत |
|---|---|---|---|
| १ | स्टाफ नर्स | १ | |
| २ | अ.न.मी | २ | |
| ३ | सरसफाईकर्मी | १ | |
| जम्मा पदपूर्ति | | ४ जना | |

नियमित कामकाज तर्फ

- करार सेवामा कार्यरत सम्पूर्ण कर्मचारीहरुको करार सेवा सम्झौता तयारी तथा वितरण
- मासिक कर्मचारी बैठक व्यवस्थापन
- कार्यपालिका बैठक व्यवस्थापन
- विभिन्न सूचना तथा पत्र तयारी
- यस पालिका भित्र कार्यरत करारका कार्यालय सहयोगीहरु कर्मचारीहरुलाई अचार संहिता सम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रम सहित सम्झौता पत्र वितरण सम्पन्न
- यस पालिका भित्र कार्यरत करारका कर्मचारीहरुलाई अचार संहिता सम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रम सहित सम्झौता पत्र वितरण सम्पन्न
- हिउदे गाउँसभा व्यस्थापन।
- हालसम्म १३ वटा कार्यापालिका बैठक सञ्चालनको लागि आवश्यक समन्वय।
- स्वत प्रकाशनको तयारीको लागि त्रैमासिक प्रगति प्रतिवेदन संकलन र ।T शाखामा हस्तान्तरण तथा स्वत प्रकाशन तयारी।
- आलेप शाखा र जिन्सी शाखासँग आवश्यकता अनुसार समन्वय।

विविध तर्फ :

- प्रजातन्त्र दिवस कार्यक्रम २०८१ फागुन ७ गते मनाएको
- १२ औ जिल्ला स्तरीय राष्ट्रपति रनिङ्गसिल प्रतियोगिता मन्थलीमा योजना गरिएको कार्यक्रममा बिजेता खेलाडीहरुलाई सम्मान कार्यक्रम संचालन २०८१गते ३०/१०/
- जर्मन होम्स हस्पिटालिटी भक्तपुरमा "सुनापति गाउँपालिकाको विकास र समृद्धिको लागि राजनीतिक नेतृत्व, विज्ञ, व्यवसायी र सम्बद्ध पक्षहरुबाट सुझाव संकलन र प्रतिवद्धता कार्यक्रम" सञ्चालनको लागि समन्वय।

यस कार्यालयमा रहेको जिन्सी मालसामानको व्यवस्थापन PAMS मा प्रविष्टि गरी व्यवस्थापन गर्ने गरिएको ।

जिन्सी शाखाबाट भएको खरिद सम्बन्धी काम माध्य यस चौमासिकमा नियमित कार्यालय सञ्चालन सम्बन्धी सामाग्री खरिद तथा व्यवस्थापन भैरहेको छ।

यस अवधिमा थान १ पिक अप गाडी खरिद भएको।

**ख) शिक्षा शाखाबाट सम्पादित कामको वित्तीय प्रगति विवरण (संघीय तथा प्रदेश सशर्त तर्फ)**

| क्र.स. | स्वीकृत कार्यक्रम | जम्मा स्वीकृत वजेट | खर्च रकम | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | शिक्षक तलवी निकासा (संघीय सशर्त) | १३,९१,१०,०००।- | २,९६,६१,१३६।९ | २१.३२% |
| २ | दोस्रो त्रैमासिक शिक्षक तलवी निकासा (प्रदेश सशर्त) | ६०,६८,०००।- | १०,०८,७१७।- | १६.३२% |
| ३ | दोस्रो त्रैमासिक शिक्षक तलवी निकासा (स्थानीय तह) | ७६,००,०००।- | १७,०८,२३३।- | २२.४८% |
| ४ | सामुदायिक अध्ययन केन्द्र (संघीय सशर्त) | १७,००,०००।- | १,२०,०००।- | ७.०६% |

| | | | | |
|---|---|---|---|---|
| ५ | सामुदायिक अध्ययन केन्द्र (स्थानीय तह) | ४,५५,०००।- | ८४,०००।- | १८.४६% |
| ६ | निशुल्क पाठ्यपुस्तक अनुदान | १९,३५,०००।- | १२,२०,८५६.३१।- | ६३.०९% |
| ७ | विद्यालय सञ्चालन तथा व्यस्थापन अनुदान | २२,५५,०००।- | १८,६५,०००।- | ८२.७% |
| ८ | प्रति विद्यार्थीका आधारमा विद्यालयलाई अनुदान | २५,१४,०००।- | २०,४७,५७४।- | ८१.४५% |
| ९ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण अनुदान | २७,४७,०००।- | ५,००,०००।- | १८.२०% |

पालिकाबाट विनियोजित कार्यक्रमहरु

| क्र.स. | कार्यक्रमको नाम | वजेट | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | सुनापति प्रज्ञा प्रतिष्ठान सञ्चालन व्यवस्थापन | १५ लाख | ४ लाख | २६.६७% |
| २ | सुनापति खेलकुद विकास समिति मार्फत खेलकुद कार्यक्रम सञ्चालन | १५ लाख | १५ लाख | १००% |
| ३ | विद्यालयलाई खेलकुदमा सहभागिताका लागि व्यस्थापन अनुदान | ४ लाख | ४ लाख | १००% |
| ४ | माध्यमिक विद्यालयलाई छात्रावास व्यवस्थापन बापत | २० लाख | २० लाख | १००% |
| ५ | परीक्षामा सहभागी भए बापत विद्यालयलाई व्यवस्थापन अनुदान | ५ लाख | ५ लाख | १००% |

**ग) राजश्व शाखा तर्फको प्रगति विवरण**

| **आ.व २०८१/०८२ का लागी हाल सम्म राजश्व संकलन केन्द्र अनुसार विवरण:** | | | **बार्षिक लक्ष्य** |
|---|---|---|---|
| क्र.स | राजश्व संकलन केन्द्र | राजश्व रकम रु. | ४५,००००।- |
| १ | सुनापति गाउँपालिका | ११,५५,२२१.४८।- | |
| २ | वडा नं.१ | ५,१६,०४८.००।- | |
| ३ | वडा नं.२ | ४,३५,५१५.०७।- | |
| ४ | वडा नं.३ | ३,९७,३१३।- | |
| ५ | वडा नं.४ | ६,६५,३८२.५५।- | |

| | | | |
|---|---|---|---|
| ६ | वडा नं.५ | ४,५७,५१०।- | |
| | पशुसेवा केन्द्र | १८,४७२।- | |
| | | जम्मा-३६,४५,४६२.१०।- | |

हाल सम्म वार्षिक लक्ष्य बमोजिम ८१ प्रतिशत राजश्व संकलन भएको ।

**व्यवसाय दर्ता,नवीकरण र ईजाजत**

| **नयाँ दर्ता** | **नवीकरण** | **ईजाजत** | **'घ'वर्ग कम्पनी** |
|---|---|---|---|
| २१ वटा | ८५ वटा | १४४ वटा | ४ वटा |

| **वार्षिक कार्यक्रम तथा वजेटः** | | | |
|---|---|---|---|
| **क.स** | **कार्यक्रम/आयोजना /क्रियाकलापको नाम** | **वजेट** | **खर्च/प्रतिशत** |
| १ | बजार अनुगमन (३)पटक | ३,००००।- | ६४.३३% |
| २ | व्यवसाय दर्ता अभिमुखिकरण तथा राजश्व सचेतिकरण | ३,००००।- | २२.४५% |
| ३ | राजश्व सुधार कार्ययोजना निर्माण | ३,००००।- | ० |
| ४ | टोल टोलमा व्यवसाय दर्ता तथा नवीकरण शिविर | ३,००००।- | 0 |

घ) कृषि विकास शाखाहाल सम्मको प्रगति प्रतिवेदन

योजना तथा कार्यक्रमः

| बागमति प्रदेश समानिकरण अनुदान | | | | |
|---|---|---|---|---|
| क स | कार्यक्रमको नाम | विनियोजित बजेट | वित्तिय प्रगति | भौतिक प्रगति |
| १ | कृषक समुह गठन तथा व्यवस्थापन | २ लाख | ९५.७५% | सबै वडाहरुमा वडास्तरिय कृषक सञ्जाल र पालिकामा पालिका स्तरिय कृषक सञ्जाल गठन भईसकेको |
| २ | कृषि प्रविधि हस्तान्तरण कार्यक्रम | १० लाख | ९१.१५% | ३० वटा हाते ट्रयाक्टर र ५ वटा च्याफ कटर वितरण भईसकेको |

| | | | | |
|---|---|---|---|---|
| ३ | तरकारी बाली प्रवर्द्दन कार्यक्रम | १ लाख | ९७.५% | तरकारीहरु (भेडे खुर्सानी, भण्टा, काक्रो, करेला, बोडी र घिउ सिमीको) विउ वितरण भईरहेको |
| ४ | कृषि उपजको उत्पादनमा आधारित अनुदान कार्यक्रम ( महमा अनुदान) | २.५ लाख | भुक्तानी हुन बाँकि | साझेदार छनोट भई कार्यक्रम सञ्चालन भैरहेको |
| ५ | खाद्यान्न बालि प्रवर्द्दन कार्यक्रम | ७.५ लाख | २०.८ % | मकैको उन्नत जातहरु (२००० किलोग्राम) वितरण भईसकेको |
| १० | बालि संरक्षण कार्यक्रम | ५ लाख | ९७.६% | विभिन्न किटनाशक, ढुसि नाशक विषादि तथा पासोहरु वितरण भईरहेको |
| | | **बागमति प्रदेश सशर्त** | | |
| ५ | कृषि व्यवसाय प्रवर्द्दन कार्यक्रम सुनापति ५ | १० लाख | भुक्तानी हुन बाँकि | साझेदार छनोट भई कार्यक्रम सञ्चालन भैरहेको |
| | | **नेपाल सरकार सशर्त** | | |
| ६ | मकै बाली प्रवर्द्दन कार्यक्रम | ७ लाख | भुक्तानी हुन बाँकि | साझेदार छनोट भई कार्यक्रम सञ्चालन भैरहेको |
| ७ | आ.व. २०८१/८२ मा नयाँ सुन्तला जात पकेट विकास कार्यक्रम | १२ लाख | भुक्तानी हुन बाँकि | साझेदार छनोट भई कार्यक्रम सञ्चालन भैरहेको |
| ८ | किसान सुचिकरण कार्यक्रम | २ लाख | | किसान स्वीकृत गर्ने कार्य भईरहेको |
| | | **नेपाल सरकार समानिकरण** | | |
| ९ | दिमिजी कृषि फार्म वडा नं. ५ | २.५ लाख | भुक्तानी हुन बाँकि | साझेदार छनोट भई कार्यक्रम सञ्चालन भैरहेको |

ङ) पशु सेवा शाखाको चौमासिक प्रगति विवरण

योजना तथा कार्यक्रम

| क्र सं | कार्यक्रम शिर्षक | विनियोजित बजेट | बजेट श्रोत | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|
| १ | पशु स्वास्थ्य औषधी खरीद | १४ लाख | प्रदेश समानिकरण | ६४.२ | सबै वडाका पशु सेवा केन्द्रहरु वाट औषधी वितरण भैरहेको |
| २ | कृत्रिम गर्भधारण सेवा सञ्चालन तथा व्यवस्थापन | ४ लाख | प्रदेश समानिकरण | ५० | कृत्रिम गर्भधारण सेवा नियमित रुपमा सञ्चालन भैरहेको |
| ३ | व्यवसायिक पशुपालन तालिम कृषकस्तर | २ लाख | प्रदेश समानिकरण | ९८.२ | ४ दिने व्यावसायिक कुखुरापलन तालिम र १ दिने व्यावसायिक बाखापलन तालिम सम्पन्न भएको |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | उत्पादनमा आधारित पशुपालन प्रवर्दन कार्यक्रम | १० लाख | प्रदेश समानिकरण | भुक्तानी हुन बाँकी | साझेदारहरु छनौट गरि कार्यक्रम सञ्चालन भैरहेको |
| ५ | पशुपालन प्रवर्दन (बंगुर) कार्यक्रम | ७ लाख | प्रदेश शषर्त | ३३. | साझेदारहरु छनौट गरि कार्यक्रम सञ्चालन भैरहेको |
| ६ | कृषि व्यवसाय प्रवर्दन कार्यक्रम | ५ लाख | प्रदेश शषर्त | भुक्तानी हुन बाँकी | साझेदारहरु छनौट गरि कार्यक्रम सञ्चालन भैरहेको |
| ७ | बाखा श्रोत केन्द्र कार्यक्रम | ५ लाख | नेपाल सरकार शषर्त | भुक्तानी हुन बाँकी | साझेदारहरु छनौट गरि कार्यक्रम सञ्चालन भैरहेको |
| ८ | महामारी/आकास्मिक रोग नियनत्रण | ८० हजार | नेपाल सरकार शषर्त | भुक्तानी हुन बाँकी | महामारी रोग नियन्त्रण गर्न आवश्यक औषधी तथा सामाग्री खरीद भैसकेको |
| ९ | ईपिडेमियोलोजिकल रिपोर्टिङ | १२ हजार | नेपाल सरकार शषर्त | भुक्तानी हुन बाँकी | नियमित रिपोर्टिङ भैरहेको |

च) महिला विकास शाखाको भौतिक तथा वित्तिय प्रगति प्रतिवेदन

| **क.स** | **कार्यक्रमको नाम** | **विनियोजित रकम** | **खर्च रकम** | **खर्च प्रतिशत** | **बाँकी रकम** |
|---|---|---|---|---|---|
| १ | १६ दिने लैंगिक हिंसा विरुद्ध अभियान अन्तर्गत वडा स्तरीय हाजिरी जवाफ प्रतियोगिता कार्यक्रम | २,००,०००/- | २,००,०००/- | १००% | |
| २ | नारी दिवसको अवसरमा अन्तरवडा वक्तृत्वकला प्रतियोगिता कार्यक्रम - मार्च ८ | २,५०,०००/- | | १००% | |
| ३ | आमा बुवा विहिन बालवालिका पुर्नस्थापना कार्यक्रम | २,२०,०००/- | निवेदन संकलन | १००% | ० |
| ४ | अपाङ्गता पुर्नस्थापना कार्यक्रम अन्तर्गत अपाङ्गहरुलाई बाटेको धुप बनाउने सीप विकास तालिम | ४,०००००/- | कार्यक्रम संस्था मार्फत सम्पन्न | ० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | घरेलु हिंसा र चेलीबेटी बेचबिखन अन्त्यको लागि सचेतना कार्यक्रम | ५०,०००/- | | १००% | |
| ६ | बाल विवाह बाल श्रम तथा दाइजो प्रथा अन्त्य गर्न चेतनामुलक कार्यक्रम | २,००,०००/- | १,५०,०००/- | | ५०,०००/- |

**<u>प्रवाह गरेका सेवाहरुः</u>**

| क.स | प्रवाह गरेका सेवाहरुः | प्राप्त उपलब्धिहरु |
|---|---|---|
| १ | जेष्ठ नागरिक परिचयपत्र वितरण | ६४ जनालाई |
| २ | अपाङ्ग परिचयपत्र | |
| | (ख) वर्ग | ३ जना |
| | (ग) वर्ग | २ जना |
| | (घ) वर्ग | १ जना |
| | परामर्श | १० जना |

**छ) स्वास्थ्य शाखाको चौमासिक प्रगति प्रतिवेदन**

**चालु आर्थिक बर्षमा स्वीकृत बजेट र कार्यान्वयनको अवस्था ,**

**स्थानिय तह तर्फबाट विनियोजित**
**बजेट**

| सि.नं. | विवरण | रकम रु. | खर्च रु. | बाँकी रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | म.सा.स्वा.स्वं.से. को बार्षिक समिक्षा गोष्ठी तथा दिवस | १२०००० | ४४८२५ | ७५१७५ | |
| २ | मासिक प्रतिवेदन संकलन तथा समिक्षा बैठक | १००००० | 0 | १००००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | बर्थिंग सेन्टरका नरसिंग कर्मचारीलाई नाइट ड्युटी भत्ता | ३००००० | ० | ३००००० | |
| ४ | बाह्य खोप क्लिनिकमा सेवा प्रदायक स्वास्थ्यकर्मीको लागि यातायातखर्च र भ्याक्सिन सब सेन्टरमा अतिरिक्त समय खटिने स्वास्थ्यकर्मीलाई भत्ता | ६०००० | 0 | ६०००० | |
| ५ | म.सा.स्वा.स्वा.से. को यातायात खर्च | ४५०००० | २२५००० | २२५००० | |
| ६ | ग्रामिणअल्ट्रासाउन्ड कार्यक्रम | १००००० | 0 | १००००० | |
| ७ | स्वास्थ्य सेवा सम्बन्धि घुम्ती सिबिर | ३००००० | ३००००० | ० | |
| ८ | गाउँघर क्लिनिकमा सेवा प्रदायक स्वास्थ्यकर्मीको लागि यातायात खर्च | ६०००० | 0 | ६००००० | |
| ९ | स्वास्थ्य संस्थालाई कार्यालय खर्च अनुदान | २००००० | 0 | २००००० | |
| १० | आयुर्वेदऔषधि खरिद | २००००० | २००००० | ० | |
| ११ | निःशुल्क औषधि वितरणको लागि औषधि एवं सर्जिकल सामाग्री खरीद | २३८०००० | 0 | २३८०००० | SQ प्रक्रिया मा रहेको |
| १२ | गर्भवती सुत्केरी निःशुल्क एम्बुलेन्स सेवा | २००००० | 0 | २००००० | |
| १३ | औषधि लगायत स्वास्थ्य सामाग्री ढुवानी एवं प्याकिनग | १००००० | ५२३०० | ४७७०० | |
| १४ | दलितस्वास्थ्य वीमा कार्यक्रम | ८००००० | ७९३१०० | ६९०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ५३७०००० | | १६१५२२५ | ३७५४७७५ |

**प्रदेश सरकार तर्फ**

| सि.नं. | विवरण | रकम रु. | खर्च रु. | बाँकी रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | कामा केउरानी सामुदायिक स्वास्थ्य ईकाई अनुदान | १०००००० | 0 | १०००००० | |
| २ | बेथान र खनियापानी स्वास्थ्य चौकी सबलीकरण | १०००००० | 0 | १०००००० | |
| ३ | गुन्सी स्वास्थ्य चौकी सबलीकरण | १०००००० | 0 | १०००००० | |
| ४ | धारापानी CHU सबलीकरण | १०००००० | 0 | १०००००० | |
| ५ | भिरकोट CHU सबलीकरण | १०००००० | 0 | १०००००० | |
| ६ | स्वारा सामुदायिक स्वास्थ्य ईकाई भवननिर्माण | १५०००० | 0 | १५०००० | |
| ७ | हिलेदेवी आधारभूत अस्पताल | २२००००० | १२००००० | १००००० | |
| | | ७३५०००० | १२००००० | ६१५०००० | |

**संघिय स-सर्त अनुदानतर्फ**

| सि.नं. | विवरण | रकमरु. | खर्चरु. | बाँकीरु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | दिर्घरोगीलाई मासिक ५००० भत्ता | २०००००० | १९५०००० | ५०००० | |
| २ | मासिक बैठक,डाटा भेरिफिकेसन, बार्षिक समिक्षा / अर्धबार्षिकसमिक्षा | २३००००० | २२५५३० | ४४७० | |
| ३ | म.स्वा.स्व.से.पोशाक र यातायात खर्च | १६५०००० | ० | १६५०००० | |
| ४ | क्षयरोग बार्षिक /अर्ध बार्षिक समिक्षा, स्थलगतअमुशिक्षण सुपरभिजन | १२०००० | ५०७०० | ६९३०० | |
| ५ | HPV खोपअभियान | २४९००० | २४०००० | ९००० | |
| ६ | किटजन्य रोग नियन्त्रण कार्यक्रमको अनुगमन मुल्यांकन,स्लाइडढुवानी | २५००० | ० | २५००० | |
